कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
फोन नं.:-०८१-५४०००९
फ्याक्स: नं.:-०८१-५४०३१८

प.सं.: ०७५/०७६
च.नं.

**आर्थिक तथा प्राविधिक प्रस्ताव पेस गर्ने सम्बन्धी सूचना। । ।**

**म्याद थप सम्वन्धी सुचना प्रकाशन मितिः२०७६।०२।०९**

यस कोहलपुर नगरपालिकाको आ.व.२०७५/०७६ को वार्षिक बजेट तथा नीति तथा कार्यक्रम अनुसार सामाजिक विकास तर्फको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण र अन्य संचेतनामूलक कार्यक्रम अन्तर्गतको अपाँगता भएका व्यक्तिका लागि व्यवसायमुलक तालिम कार्यक्रम गर्नुपर्ने भएकोले इच्छुक संस्थाले सूचना जारी भएको मितिले ~~७ (सात)~~ ३ तिन दिन भित्र कोहलपुर नगरपालिकाको सामाजिक विकास शाखामा गोप्य खामबन्दीका रुपमा प्राविधिक र आर्थिक प्रस्ताव पेस गर्नुहुन सम्बन्धित सबैमा यो सूचना जारी गरिएको छ।

**शर्त/मापदण्डहरु**

१। सामाजिक चेतना तथा जागरण गर्ने/गराउने उद्देश्यका साथ दर्ता भएको संस्था हुनुपर्नेछ।

२। कोहलपुर नगरपालिकामा अनिवार्य संस्था दर्ता भएको र स्थानीय संस्थालाई प्राथमिकता दिइने छ।

३। आ.व. २०७४/०७५ को करचुक्ता प्रमाण पत्र र लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

४। मिति २०७६।०२।०२ गते प्रकाशित सुचना अनुसार कुनै पनि संघ संस्थाको प्रस्तावहरु नपरेकाले पुनः ३ तिन दिनको म्याद थप गरिएको छ ।यो अवधी मिति २०७६।०२।०९ देखि २०७६।०२।१२ सम्म कायम रहनेछ ।

५। आर्थिक प्रस्ताव कर सहित अधिकतम् रु २,००,०००।(दुइ लाख) भित्रको स्पष्ट कार्य योजना पेश गर्नुपर्ने छ।

६। कोहलपुर नगरपालिकाका ऐन, नियम तथा प्रचलित नेपाल कानूनले अमान्य घोषित क्रियाकलापमा संलग्न भएको वा कुनै उजुरी परेको संस्थालाई छनौट गरिने छैन।

७। शर्त राखि पेश भएका र मापदण्ड नपुगि पेश भएका प्रस्ताव स्वीकार गरिने छैन। अपांगताको क्षेत्रमा काम गरेका सँस्थालाई प्राथमिकता दिइनेछ ।

८। निजि संस्थाका रुपमा दर्ता भएका संस्था अयोग्य ठहरिने छन्।

९। कोहलपुर नगर कार्यपालिकाको कार्यालय वा अन्तर्गत महिता तथा बालबालिका शाखा संग समन्वय गरि कार्यक्रम गर्नुपर्नेछ।

१०। कार्यक्रम गरि सकेपछी प्रतिवेदनका आधारमा मात्र भुक्तानी दिइने छ।

११। कार्यक्रम गर्दा अनियमितता गर्ने वा सम्झौता पालना नगर्ने संस्थालाई कालो सूचिमा राखिने छ।

१२। अन्य कुराहरु कोहलपुर नगरपालिकाले तोके बमोजिम तथा प्रचलित कानून बमोजिम हुनेछन।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
(सामाजिक विकास शाखा)

२/९
दशरथ बुढा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

Scanned with CamScanner